का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ वैशाख २०८०,
बुधबार
19 April 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक ८३ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



## दलीय स्वार्थ
# बन्धक बन्यो संसद्

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

प्रतिनिधिसभाको बैठक मंगलबार पनि थियो । आकस्मिक समय, शून्य समय र विशेष समय चल्यो । मन्त्रिपरिषद् विस्तार सम्बन्धी राष्ट्रपतिको कार्यालयको पत्र सभामुख देवराज घिमिरेले वाचन गरेर सुनाए । त्यसबाहेक प्रतिनिधिसभामा रहेका अन्य बिजनेश अगाडि बढ्न सकेन । संसदीय समिति गठन, संयुक्त नियमावली संशोधन मस्यौदा समिति गठन लगायतका विषय अगाडि बढाइएन । कारण- संसदीय समिति गठनको विषयमा दलहरूका बीचमा कुरा मिलेको छैन ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार नेपाली कांग्रेस, नेकपा एमाले लगायतका केही दलले आफ्ना पार्टीका सांसदहरू कुन कुन समितिमा रहने भनी तय गरेर त्यसको विवरण बुझाएका छैनन् ।

सांसदको कामकारबाहीको विषयलाई लिएर सभामुख घिमिरेले दलहरुका बीचमा संवाद जारी राखेका छन् । एक पटक बालुवाटारस्थित आफ्नै निवासमा प्रमुख तीन दलका शीर्ष नेता र साथमा केही दोस्रो तहका नेताहरु पनि छलफलमा जुटे । उक्त मुख्य एजेण्डा थियो - संसद् सञ्चालन ।

नेकपा एमालेका प्रमुख सचेतक पदम गिरीका अनुसार निरन्तरको छलफलले पनि सदन सञ्चालनका विषयमा रहेको डेडलक फुकाउने सन्दर्भमा ठोस प्रगतिको खाका तयार गर्न सकेको छैन । कारण - संसदीय समितिको नेतृत्वका विषयमा शीर्ष नेताहरुका बीचमा कुरा मिलेको छैन । एमालेले सार्वजनिक लेखा समिति सहित चार संसदीय समितिको सभापति माग गरेको छ । सत्तापक्ष एमालेको मागमा सहमत भइसकेका छैनन् ।

तथापि, शीर्ष नेताहरुले सांसदको डेडलक अन्त्यका लागि अग्रसरता देखाएको प्रमुख सचेतक गिरीलाई लाग्छ । उनी भन्छन्, 'संसदीय विषयगत समितिहरु गठन हुन सकेको छैन । यही कारण संसद्मा विचाराधीन विधेयकहरु अगाडि बढ्न सकेका छैनन् ।'

नेपाली कांग्रेसकी सांसद ईश्वरी न्यौपाने सरकारको चाहना अनुसारको परिस्थिति निर्माण नभएका कारण शीर्ष तहमा छलफलको आवश्यकता महसुस भएको बताउँछिन् । शीर्ष तहबाटै कतिपय विषय टुंगो लाग्दा मात्रै संसदले प्रभावकारिता लिन सक्ने बुझाईमा आफूहरु रहेको उनको भनाइ छ । तर, संसदको डेडलक अन्त्यको ठोस उपाय पनि निस्कन नसकेको उनको भनाइ छ ।

'सत्तारुढ दलले केही विधेयक फास्ट ट्रयाकमा पारित गर्ने चाहना रहेको बताउँदै आएका छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेले कुनै विधेयकलाई फास्ट ट्रयाकमा लैजान नसकिने जवाफ दिएको छ' उनी भन्छिन्, 'एकले अर्कोको प्रस्ताव स्वीकार गरेर अगाडि जान नसक्दा पनि समस्या भएको हो ।'

शीर्ष नेताहरु यसअघि पनि छलफलमा जुटेका थिए । सभामुख घिमिरेले प्रमुख सचेतक र सचेतकहरुसँग छुट्टाछुट्टै समेत छलफल गरिरहेका छन् । फेरि पनि संसदको चालु अधिवेशन कहिलेसम्म जान्छ यकिन भएको छैन ।

सरकारको प्रवक्ता समेत रहेकी सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा केही विधेयकहरु चालु अधिवेशनमै पारित

>>> पृष्ठ २ मा

> संसदीय समिति गठन, संयुक्त नियमावली संशोधन मस्यौदा समिति गठन लगायतका विषय अगाडि बढाइएको छैन । कारण- संसदीय समिति गठनको विषयमा दलहरुका बीचमा कुरा मिलेको छैन ।

### राष्ट्रिय सभाको बैठक अनिश्चित

संसद्को कामकारहीको विषयमा दलहरुका बिचमा ठोस सहमति नभइरहेका बेला राष्ट्रिय सभाको अनिश्चित भएको छ । संघीय संसद् सचिवालयका महासचिव भरतराज गौत्तमले मंगलबार दिउँसो दुई बजेर ३१ मिनेटमा बस्ने भनिएको बैठक अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको सूचना निकालेका थिए ।

बैठक विशेष कारणवश तोकिएको दिन र समयमा बस्न नसक्ने भएकाले राष्ट्रिय सभाको नियमावली अनुसार नै अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको सूचनामा उल्लेख छ । महासचिव गौत्तमले राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सनाको निर्देशनमा बैठक अनिश्चितकालका लागि स्थगित गरिएको सूचनामै उल्लेख गरेका छन् ।

'...सभाको बैठक अर्को सूचनाबाट तोकिने दिन र समयमा बस्ने गरी सम्माननीय अध्यक्षज्युले निर्धारण गर्नुहुने ब्यहोरा माननीय सदस्यहरुका लागि यो सूचना प्रकाशन गरिएको छ' महासचिव गौत्तमले लेखेका छन् ।

यसअघि चैत ३० गतेका लागि बोलाइएको बैठक पनि राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सनाकै निर्देशनमा राष्ट्रिय सभाको बैठक स्थगित गरिएको थियो । चैत ३० गतेका लागि बोलाएको बैठक स्थगित भएर वैशाख ४ गतेका लागि तोकिएको थियो । वैशाख ४ गतेको राष्ट्रिय सभाको बैठकले वैशाख ५ गते दिउँसो २ बजेर ३१ मिनेटा अर्को बैठक बस्ने तय भएको थिया । तर, मंगलबार बैठक बस्ने केही समय अगाडि मात्रै संसद सचिवालयका महासचिव गौत्तमले सूचना निकालेर बैठक अनिश्चितकालका लागि स्थगित भएको जानकारी गराएका हुन् ।

# कोरोनाले एक सातामा पाँचको मृत्यु

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

एक साताको अवधिमा कोरोना संक्रमणबाट पाँच जनाको मृत्यु भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार विभिन्न जिल्लामा कोरोनाको संक्रमणबाट पाँच जनाको मृत्यु भएको हो ।

केहि दिनयता कोरोना संक्रमणबाट मृत्यु हुनेको दर बढ्न थालेको छ ।

मन्त्रालयका अनुसार कोरोना संक्रमणबाट मंगलबार एकै दिन २ जनाको मृत्यु भएको छ भने १ सय ७१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । २ हजार २ सय ९१ नमुनामध्ये ९ सय ८० जनाको पीआर परीक्षण गर्दा १ सय ५ र १ हजार ३ सय १२ जनाको एन्टिजेन परीक्षण गर्दा ६६ जना गरी १ सय ७१ जनामा संक्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

> नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या १२ हजार २५ पुगेको छ भने मृत्यु हुनेको दर १.२ प्रतिशत छ ।

कोरोनाका सक्रिय संक्रमितको संख्या ३ सय ९७ पुगेको छ भने संस्थागत आइशोलेशनमा २२ जना, आइसीयूमा ८ जना र भन्टिलेटरमा ४ जना उपचाररत रहेका मन्त्रालयले जानकारी दिएको छ ।

यसअघि वैशाख ३ गते कोरोनाबाट भरतपुर महानगरपालिका-१० का ६४ वर्षीय वृद्धको मृत्यु भएको थियो ।

स्वास्थ्य कार्यालय भरतपुरका प्रमुख दुर्गा चापागाईंका अनुसार, निमोनियाका कारण चितवन मेडिकल कलेजमा भर्ना भएका वृद्धमा कोरोना संक्रमण देखिएको थियो । चितवनमा अहिले १० जना सक्रिय सङ्क्रमित छन्। स्वास्थ्य कार्यालयका अनुसार, भरतपुर महानगरपालिकामा आठ, रत्ननगर र कालिका नगरपालिकामा एक-एक संक्रमित छन्। उनीहरू होम आइसोलेशनमा बसिरहेका छन् ।

वैशाख ३ गते नै धनगढीस्थित सेती प्रादेशिक अस्पतालमा उपचाररत एक जना कोरोनाभाइरस संक्रमितको मृत्यु भएको थियो । सघन उपचार कक्ष (आईसीयू) मा उपचाररत कञ्चनपुरकी ७३ वर्षीया वृद्धाको मृत्यु भएको अस्पतालले जनाएको छ। प्रादेशिक अस्पतालका सूचना अधिकारी मेखराज उपाध्यायका अनुसार मुटुरोगबाट पीडित वृद्धाको पीसीआर परीक्षण गर्दा पोजेटिभ देखिएको थियो। त्यसपछि उनलाई कोभिड वार्डमा राखिएको थियो। उनी ६ दिनदेखि अस्पतालमा उपचाररत थिइन्। यसअघि नेपालमा कोरोनाबाट चैत २९ गते १ जनाको मृत्यु भएको थियो । यसअघि चैत २८ गते १ जनाको मृत्यु भएको थियो जुन नेपालमा ३ महिनापछि कोरोनाबाट पहिलो पटक मृत्यु भएको घटना थियो ।

यो संगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या १२ हजार २५ पुगेको छ भने मृत्यु हुनेको दर १.२ प्रतिशत रहेको छ । हालसम्म निको हुनेको संख्या ९ लाख ८९ हजार ९ सय २४ रहेको छ ।

# नागरिकको गोपनीयताबारे चासो



*प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठक । तस्बिर : प्रदीपराज वन्त/रासस*

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

सरकारले सार्वजनिक खरिद कानुन विपरित ' नागरिकको विवरण प्रमाणीकरण एवं अन्तरप्रणाली आबद्धतासम्बन्धी कार्यविधि २०७९' खारेज गरेको छ । ३२ दिन उपप्रधान तथा गृहमन्त्री रहेका (रास्वपा)का सभापति लामिछानेले गृहमन्त्रीका रुपमा मन्त्रीस्तरिय निर्णयबाट जारी गरेको नागरिकको विवरणसम्बन्धी कार्यविधि खारेज गर्दै सरकारले त्यसउपर छानबिन गर्न समिति नै बनाएको छ ।

उक्त कार्यविधि जारी गर्ने क्रममा क-कसको संलग्नता थियो र कसरी निर्णय भयो भन्ने विषयमा छानबिन गर्न प्रधानमन्त्री कार्यालयका सचिवको नेतृत्वमा तीन सदस्यीय समिति गठन गर्ने मन्त्रिपरिषद्को निर्णय छ ।

उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठको प्रस्तावमा मन्त्रिपरिषद्को मंगलबारको बैठकले कार्यविधि खारेज गर्ने निर्णय गर्दै किन कानुन भन्दा प्रतिकूल खालको कार्यविधि जारी गरियो र निजी कम्पनीलाई दिइयो भन्ने छानबिन गर्ने निर्णय गरेको हो ।

नेपालीको संवेदनशील सूचनाहरूसँग जोडिएको विषय निजी कम्पनीलाई दिन हुने/नहुने भन्ने ख्याल नगरेको, खरिद कानुनले तोकेको व्यवस्था पालन नगरी ७ दिनको मात्रै बोलपत्र जारी किन गरियो लगायतका विषयमा छानबिन हुने बताइएको छ ।

सार्वजनिक विवरण अनुसार तत्कालीन गृहमन्त्री लामिछानेले गृहमन्त्रालयमा पदभार ग्रहण गरेको तेस्रो दिनमै 'नागरिकको विवरण प्रमाणीकरण एवं अन्तरप्रणाली आबद्धतासम्बन्धी कार्यविधि-२०७९' जारी गरेका थिए । कार्यविधि जारी भएको एक महिना नबित्दै ठेक्का लगाउने काम पनि

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# व्यवसायी स्व. राईको शव नेपाल ल्याइयो



**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ वैशाख

मलेसियामा मृत्यु भएका मार्भेलस इम्प्लोइमेन्ट नेपाल प्रा.लि.का तत्कालीन म्यानेजिङ डाइरेक्टर स्व. रिन्जी राईको शव मंगलबार स्वदेश ल्याइएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पहलमा राईको शव मंगलबार अपराह्न नेपाल वायुसेवा

>>> पृष्ठ २ मा

### विदेशी जेलमा रहेका नेपालीको उद्धार गर्न ध्यानाकर्षण

**काठमाडौं/मस-** नेपाली कांग्रेसका सांसद ज्ञानेन्द्रबहादुर कार्कीले वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशमा एक हजारभन्दा बढी नेपाली जेलमा रहेकाले उद्धार गरेर स्वदेश फर्काउन सरकारको ध्यानाकर्षण गराएका छन् । मंगलबार प्रतिनिधि सभाको बैठकमा पूर्वमन्त्री समेत रहेका सांसद कार्कीले उक्त ध्यानाकर्षण गराएका हुन् ।

गतवर्ष १० खर्ब बढी रेमिट्यान्स पठाएर धर्मराउँदो अवस्थामा रहेका नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारीमा गएका युवायुवतीले उल्लेख्य योगदान गरेको स्मरण गर्दै सांसद कार्कीले उनीहरूको वैदेशिक रोजगारी सहज र सुरक्षित बनाउन

>>> पृष्ठ २ मा

# न्यायको बदला लौरो !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ वैशाख ।

वर्षोदेखि मिटरब्याजको समस्याबाट पीडित भएर न्यायका लागि आन्दोलित पीडितहरुलाई प्रहरीले लाठीचार्ज गरेपछि संसदमा विरोध भएको छ । शान्तिवाटिका बाट सिंहदरबार बाहिर प्रदर्शन गर्ने तयारीमा रहेका पीडितलाई प्रहरीले लाठीचार्ज र पानीको फोहोरा हानेपछि मंगलबार प्रतिनिधिसभाको बैठकमा सांसदहरुले प्रश्न उठाएका हुन् ।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्ने सपना बाँडेर हिँडेको सरकारले पीडितमाथि दमन गरेको भन्दै तत्काल न्याय दिन माग गरेका छन् । 'हामी भन्न चाहन्छौं कि सरकारले मिटरब्याज पीडितहरू र अहिले तराईमा आन्दोलनरत रहेका हरुवा चरुवाहरू जो पुनर्स्थापनाको काम गरिराखेका छन्'' राप्रपा अध्यक्ष लिंगदेनले संसदमा भने' उनीहरूको मागलाई सरकारले समयमै सम्बोधन गरोस् । अन्यथा एउटा जिम्मेवार राजनीतिक पार्टीको नाताले उनीहरूको साथमा सडक संघर्षमा जाने घोषणा चाहन्छु ।'

'काठमाडौंको रत्नपार्कमा भेला भएका मिटरब्याजपीडित र इनरुवामा भेला भएका लघुवित्त ऋणपीडित जनतामाथि लाठी प्रहार र दमन गरेको संविधानमा उल्लेख वाक स्वतन्त्रता र शान्तिपूर्ण भेला हुने हकको हनन हो' नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का सांसद प्रेम सुवालले भने ।

जनताले शान्तिपूर्ण विरोध गर्न पाउने संविधानप्रदत अधिकार भएको उल्लेख गर्दै उनीहरुले विरोध प्रदर्शनमा भएको लाठी प्रहारबारे प्रधानमन्त्री र गृहमन्त्रीको जवाफ माग गरेका छन् । उनले पीडितमाथि भएको दमनबारे सदनमा जानकारी गराउन माग समेत गरेका छन् ।

>>> पृष्ठ २ मा




मध्यान्ह
www.madhyanhadaily.com
६ वैशाख २०८०, बुधबार
19 April 2023, Wednesday

# चुनाव प्रचारमा हेलिकप्टर प्रयोग नगर्न आयोगको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ वैशाख

निर्वाचन आयोगले वैशाख १० गते हुने उपनिर्वाचनको प्रचारका लागि हेलिकप्टर प्रयोग नगर्न आग्रह गरेको छ। बारा निर्वाचन क्षेत्र नं २, चितवन निर्वाचन क्षेत्र नं २ र तनहुँ निर्वाचन क्षेत्र नं १ मा हुने हुने उपचुनावका लागि कुनै पनि ठाउँमा निर्वाचन आचारसंहिता बमोजिम हेलिकप्टर प्रयोग नगरी प्रचार गर्न सकिने अवधि पर्याप्त रहेको साथै ती जिल्लामा यातायातको सहज पहुँच रहेकोले हेलिकप्टर प्रयोग नगरी मितव्ययिता अपनाउन आयोगले आग्रह गरेको हो।



यस्तै, आयोगले निर्वाचन आचारसंहिताको पूर्ण कार्यान्वयनका लागि सरकारी निकाय तथा निजी हेलिकप्टर सेवा प्रदायकलाई आफ्नो सहमतिविना चुनाव प्रचारमा सेवा उपलब्ध नगराउन पनि सूचित गराएको छ। यसअघि नेपालको भौगोलिक जटिलता रहेका तथा विकट ठाउँमा कुनै पनि दलका मुख्य दुई प्रचारकलाई हेलिकप्टर प्रयोग गर्न दिने व्यवस्था थियो।

यसैबीच निर्वाचन आयोगले उपनिर्वाचनमा मतदाता परिचयपत्र वा अन्य सरकारी परिचयपत्रका आधारमा पनि मतदान गर्न पाउने निर्णय गरेको छ। बारा, चितवन र तनहुँमा हुने प्रतिनिधिसभा सदस्य उपनिर्वाचनको लागि आयोगबाट प्रकाशित अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताले आयोगबाट जारी भएको मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाण पुर्जा वा सवारी अनुमतिपत्रको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाइ यकिन गरी मतदान गर्न पाउने व्यवस्था मिलाउन सम्बन्धित निर्वाचन अधिकृतलाई आयोगले निर्देशन दिने निर्णय गरेको हो।

आयोगका सहायक प्रवक्ता सूर्यप्रसाद अर्यालले मंगलबार विज्ञप्ति जारी गरी निर्वाचनको सन्दर्भमा आयोगबाट मतदातालाई परिचयपत्र वितरण भएको भए पनि कतिपय मतदाताको परिचयपत्र हराएको/नासिएको अवस्था भएमा उल्लेखित परिचयपत्रको आधारमा मतदान गर्न पाउने व्यवस्था मिलाइएको जानकारी दिए।

**सात दिनभित्र निर्वाचन खर्च विवरण पेस गर्न निर्देशन**

गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका उम्मेदवारलाई सात दिनभित्र खर्चको विवरण सार्वजनिक गरी सोको जानकारी सम्बन्धित जिल्लाको प्रदेश-जिल्ला निर्वाचन कार्यालयमा पेस गर्न आयोगले निर्देशन दिएको छ। आयोगले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ दिनभित्र निर्वाचन खर्चको विवरण पेस गर्ने प्रतिनिधिसभा सदस्य निर्वाचनका दुई हजार तीन सय ७३ र प्रदेशसभा सदस्य निर्वाचनका तीन हजार एक सय ८८ उम्मेदवारसहित पाँच हजार पाँच सय ६१ उम्मेदवारलाई सो निर्देशन दिइएको हो।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७२ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण राजनीतिक दल, उम्मेदवार वा तिनका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र आयोग वा आयोगले तोकेको कार्यालय समक्ष पेस गर्नुपर्ने कानुनी व्यवस्था भएकामा तोकिएको समयावधिभित्र खर्चको विवरण नबुझाउने प्रतिनिधिसभातर्फ ३७ र प्रदेश सभातर्फ ३७ उम्मेदवारसहित जम्मा ७४ उम्मेदवारको नामावली आयोगको वेबसाइटमा प्रकाशन गरी स्पष्टीकरण सोध्ने निर्णय गरेको छ।

आयोगका सहायक प्रवक्ता अर्यालका अनुसार 'तोकिएको समयावधिभित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाएको हो? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा निर्वाचन आयोग ऐन २०७३ को दफा २६ बमोजिम किन कारबाही हुनुनपर्ने हो? भनी सोही ऐनको सोही दफाको उपदफा (४) बमोजिम आफ्नो सफाइसहितको स्पष्टीकरण सात दिनभित्र सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगमा पेस गर्न आदेश दिइएको छ।

# विद्यार्थी भर्ना अभियान सञ्चालन

**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, ५ वैशाख



बझाङको थलारा गाउँपालिकाका सामुदायिक विद्यालयहरूले विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका छन्। 'समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा सबैको अभियान' भन्ने नारासहित सामुदायिक विद्यालयहरूले शैक्षिक सत्र २०८० का लागि विद्यार्थी भर्ना अभियान सञ्चालन गरेका हुन्।

थलारा गाउँपालिका वडा नम्बर-८ बिस्खेतस्थित कालिका आधारभूत विद्यालयले आफ्नै पालिका, आफ्नै गाउँ सबै बालबालिकालाई विद्यालय पठाऊ भन्ने नारासहित सोमबार अभिभावकको घरदैलोमा पुगी विद्यार्थी भर्ना थालेको प्रधानाध्यापक गगन बहादुर शाहीले मध्यान्हलाई बताए।

३ वैशाखदेखि १२ गतेसम्म विद्यार्थी भर्ना अभियान, १५ गते पाठ्यपुस्तक वितरण र १७ वैशाखबाट पठनपाठन शुरु गरिने थलारा गाउँपालिका-७ स्थित गोठीगाउँमा रहेको भगवती आधारभूत विद्यालयका प्रधानाध्यापक चन्द्रदेव ओझाले जानकारी दिए। त्यस्तै अन्य विद्यालयले पनि अहिले विद्यार्थी भर्ना अभियान गरिरहेका थलारा गाउँपालिका शिक्षा शाखाले जनाएको छ।

थलारा गाउँपालिका शिक्षा शाखाले ३ वैशाखदेखि १५ गतेसम्म कार्यतालिका बनाइ विभिन्न कार्यक्रम सहित विद्यार्थी भर्ना अभियान संचालन गर्न समेत सूचना जारी गरेको छ। थलारा गाउँपालिकामा ४५ वटा सामुदायिक विद्यालय रहेका छन्।

# दोहोरो सुविधा कटौती गर्ने निर्णय अनुमोदित

**काठमाडौं/मस-** नेपाल प्रज्ञा-प्रतिष्ठानको ३९औं प्राज्ञसभाले प्रतिष्ठानका आजीवन सदस्यले दोहोरो सुविधा नपाउने गरी गत फागुन ११ गतेको प्रज्ञा परिषद्ले गरेको निर्णयलाई अनुमोदन गरेको छ। सभाले प्राज्ञहरुको कार्यविभाजन र विभाग गठन गर्नेसम्बन्धी परिषद्बाट भएका निर्णय पनि अनुमोदन गरेको छ। प्रतिष्ठानका संरक्षक एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको आतिथ्यतामा सोमबार भएको सभाले परिषद्का निर्णय अनुमोदन गरेको जनाइएको छ। प्रतिष्ठानमा नयाँ नेतृत्व आएपछि यो पहिलो सभा (बैठक) बसेको हो। प्रतिष्ठानका कुलपति भुपाल राईले सभाका निर्णय छिट्टै व्यवस्थितरूपमा सार्वजनिक हुने जनाउँदै आजीवन सदस्यको दोहोरो सुविधा रोक्ने विषयमा प्रतिष्ठानको निर्णय अनुमोदन भएको बताए। सर्वोच्च अदालतमा मुद्दा परेको सम्बन्धमा त्यहाँ प्रतिष्ठानले आफ्नो विषय स्पष्ट पार्ने उल्लेख गर्दै उनले भने, 'हाम्रो निर्णय यथावत् छ। अदालतबाट कुनै फरक आदेश आएमा त्यसअनुसार गर्ने कुरा भइ नै हाल्छ। अहिलेलाई परिषद्को निर्णय अनुमोदन हुने नै भयो।' उनले नेपालको सम्पूर्ण साहित्य, भाषाभाषी, संस्कृतिको प्राज्ञिक खोज-अनुसन्धान गर्दै नयाँ संस्कृति निर्माण गर्नुपर्नेमा जोड दिए।

सर्वोच्च अदालतले प्रतिष्ठानविरुद्ध प्रा.डा. वासुदेव त्रिपाठीसहित ११ आजीवन सदस्यले दिएको रिट निवेदनका सम्बन्धमा कूलपति, उपकुलपति, सदस्य सचिव र प्रज्ञापरिषद्का सदस्यलगायतलाई आजीवन सदस्यता वृत्ति रोकेका सम्बन्धमा परेको उजुरीमा अन्तरिम आदेश किन हुनुनपर्ने भनि मंगलबार छलफलका लागि बोलाएको छ।


सरकारी सेवा वा निकायको तलब/सुविधा वा निवृत्तिभरण पाउने आजीवन सदस्यलाई प्रतिष्ठानले भत्ता रोक्ने निर्णय गरेको हो भने त्यस्ता आजीवन प्राज्ञ सदस्यले आफूहरुको प्राज्ञिक योगदानका आधारमा दिइएको सम्मानवृत्ति पाएकाले त्यसलाई दोहोरो सुविधा वा पारिश्रमिक भन्न नमिल्ने तर्क गर्दै आएका छन्।

प्रतिष्ठानका आजीवन सदस्य प्राडा त्रिपाठी, प्रा.डा चूडामणी बन्धु रेग्मी, गंगाप्रसाद उप्रेती, प्राडा योगेन्द्रप्रसाद यादव, तीर्थबहादुर श्रेष्ठ, आरडी 'प्रभास' चटौत (राजेश्वरीदत्त चटौत), अशेषकुमार मल्ल, डा.ध्रुवचन्द्र गौतम, तोया गुरुङ, तुलसीप्रसाद जोशी (तुलसी दिवस) र शशीविक्रम शाहका तर्फबाट आकाश ढकालले गत चैत १२ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

आजीवन सदस्यताका सम्बन्धमा प्रतिष्ठानविरुद्ध घनेन्द्र ओझाले दिएको रिट निवेदनको मुद्दा पनि विचाराधीन रहेको छ। सभामा मन्त्री किरातीले नेपाली समाज इतिहास र संस्कृतिको पुनर्लेखन गर्दै समाजवादी संस्कृतिलाई अंगिकार गर्नुपर्नेमा जोड दिएका थिए भने भाषा आयोगका अध्यक्ष डा.गोपाल ठाकुर, राष्ट्रिय योजना आयोगका सदस्य डा.रामकुमार फुँयाल, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमुनि हार्तम्छाली, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति निशा शर्मालगायतले सांस्कृतिक क्षेत्रको विकासमा र सहकार्यका लागि आग्रह गरेका थिए।

# कांग्रेसद्वारा तीन जिल्लाका कार्यकर्ताको कारबाही फुकुवा

**काठमाडौं/मस-** नेपाली कांग्रेसले विगतको तीनै तहका निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवार विरुद्धका बागी बनेका तीन जिल्लाका उम्मेदवार र त्यस्ता उम्मेदवारका प्रस्तावक तथा समर्थकको कारबाही फुकुवा गरेको छ। कांग्रेसको केन्द्रीय अनुशासन समितिले मंगलबार विज्ञप्तिमार्फत बागी बनेर स्वतः कारबाहीमा परेका तथा पार्टीको जिल्ला, प्रदेश र केन्द्रीय अनुशासन समितिको निर्णयबाट अनुशासनको कारबाहीमा परेका तनहुँ, चितवन र बाराका पार्टीका सम्पूर्ण सदस्यको अनुशासनको कारबाही मंगलबारदेखि लागू हुने गरी फुकुवा गरेको जनाएको हो।



कांग्रेस केन्द्रीय कार्यसमितिको आगामी बैठकबाट केन्द्रीय अनुशासन समितिको यस निर्णय कार्यान्वयन प्रयोजनका लागि मात्र लागू हुने गरी पार्टी विधानको धारा ७१ को अधिकार प्रयोग गरी उक्त धाराको व्यवस्था निलम्वन हुने समिति संयोजक आनन्दप्रसाद ढुङ्गानाले जानकारी दिए।

पार्टी अनुशासनको कारबाही फुकुवा भएका तनहुँ, चितवन र बाराका सम्पूर्ण नेता कार्यकर्तालाई यही वैशाख १० गते हुने उपनिर्वाचनमा तनहुँ क्षेत्र नं १ का पार्टीका उम्मेदवार गोविन्द भट्टराई र चितवन क्षेत्र नं २ का पार्टीका उम्मेदवार जीतनारायण श्रेष्ठ तथा पार्टीले समर्थन गरेका बारा क्षेत्र नं २ का उम्मेदवार उपेन्द्र यादवलाई विजयी बनाउनका लागि सक्रियतापूर्वक क्रियाशील रहनसमेत समितिले अनुरोध गरेको छ।

## डडेल्धुराका पशुमा देखियो लम्फी स्किन रोग

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ५ वैशाख



डडेल्धुराको आलिताल, भागेश्वर, गन्यापधुराका अधिकांश क्षेत्रका पशुहरुमा लम्फी स्किन रोग देखा परेको छ। लम्पी स्किनले गाईगोरु मर्न थालेपछि किसान चिन्तित बनेका छन्। डडेल्धुराका गाउँहरुमा लम्पी स्किन अनियन्त्रित रुपमा फैलिएको र आलिताल गाउँपालिका २ गांखेतका गाउँमा ४०/५० गाईगोरु मरेका वडा अध्यक्ष प्रमोद मल्लले जानकारी दिए।

यस्तै, भागेश्वर गाउँपालिकाको वडा नम्बर ३ र ४ मा पनि यो रोग देखा परेको छ। यसको नियन्त्रणका लागि भागेश्वरका पशु प्राविधिकहरु गाँउमा गएर उपचार गर्दै आएको भागेश्वर पशु शाखा प्राविधिक महोन सार्कीले बताए।

खेतीपाती गर्ने समयमा गोरु मर्न थालेपछि किसानलाई आर्थिक भार पर्ने चिन्ता किसानमा रहेको छ। दुधालु गाई र बाच्छासमेत मर्न थालेपछि किसान चिन्तित भएका वडा अध्यक्ष मल्लको भनाइ छ।

गाईगोरुमा खटिरा देखिएसँगै घाउ भई किरासमेत परेको उनले जानकारी दिए। गाउँपालिका पशुशाखा, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुराले औषधि पठाए पनि रोग नियन्त्रण हुन नसकेको उनले बताए।

आलिताल गाँउपालिका-२ सँगै अमरगढी नगरपालिका २, ३ मा लम्पी स्किन अनियन्त्रितरुपमा फैलिएको विज्ञ केन्द्र डडेल्धुराका कार्यालय प्रमुख पशु चिकित्सक देवराज भट्टले बताए।

वडा नं ३ मा बढी संक्रमण देखिएको उनको भनाइ छ। भागेश्वर गाउँपालिका-३ को राडील गाउँबाट डडेल्धुरामा यसको संक्रमण फैलिएको उनले बताए। हाल भागेश्वर गाउँपालिका-१, २, ३ का विस्तडी, चुल्ल, खाल्टा गाउँमासमेत यसको संक्रमण फैलिएको उनले बताए।

उनका अनुसार आकस्मिक रोग नियन्त्रण शाखामा मौजुद बजेटबाट औषधि खरिद गरी प्रभावित क्षेत्रमा पठाइएको थियो। लम्पी स्किनको भ्याम्सिन नबनेकाले नियन्त्रण गर्न समस्या भएको उनले बताए। यसको शुरुवातको संक्रमणमा रोकथाम गर्न सकिने उनले भने।

दोस्रो उपचारमा घाउ, खटिरामा भलाउने औषधिको प्रयोग गरिन्छ। केन्द्रसँग आवश्यक जनशक्ति नभएकाले गाउँपालिकासँग समन्वय गरी औषधि उपचार गरिन थालिएको उनले बताए। डडेल्धुराका गाउँमा गाईगोरुमा देखापरेको संक्रमण लम्पी स्किन नै भएको क्षेत्रीय प्रयोगशाला धनगढीले प्रमाणित गरिसकेको उनले जानकारी दिए।

संक्रमणकै विषयमा प्रयोगशालाले गोष्ठीको आयोजना समेत गरिएको उनले बताए। मंगलबारदेखि संक्रमणको अवस्थाबारे गाउँपालिकाहरुमा तथ्यांक संकलन गरिन थालिएको जानकारी दिए। उनका अनुसार डडेल्धुरामा गत वर्ष परशुराम नगरपालिकाको साँदनी गाउँमा संक्रमण देखा परेको थियो। गत वर्ष प्रकोपका रुपमा भने फैलिएको थिएन। नेपालमा करिब पाँच वर्ष अगाडि झापा जिल्लामा संक्रमण देखिएको थियो। नयाँ रोग भएको र भ्याक्सिन बनाउन नसकिएकाले लम्पी स्किन प्रकोपका रुपमा फैलन थालेको उनको भनाइ छ।

**दलीय...**

गरौं भन्नेमा सरकारको अझै रहेको बताउँछिन्। उनका अनुसार सरकारले चालु अधिवेशनमै पारित गर्न चाहेका तीन वटा विधेयकहरु छन्।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक र सम्पत्ति शुद्धिकरण (मनि लाउण्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक।

यी लगायत संघीय संसदमा १६ वटा विधेयक विचाराधीन छन्। प्रतिनिधिसभा १० र राष्ट्रिय सभामा ६ वटा विधेयक छन्। तर, प्रतिनिधिसभामा विधेयक केन्द्रित छलफल भएको छैन।

गत फागुन २५ गते दर्ता भएको 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयक' प्रतिनिधिसभामा छ। गत फागुन १२ गते नै दर्ता भएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक पनि प्रतिनिधिसभामै छ।

गत माघ २७ गते दर्ता गरेको सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण तथा व्यवसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक पनि प्रतिनिधिसभामा अड्किएको छ।

यी तीनवटै विधेयक प्रतिनिधिसभामै उत्पत्ति भएका हुन्। फास्ट ट्रयाकमा पारित गर्ने उद्देश्यका साथ सरकारले ल्याएका यी विधेयकहरू सांसदहरूले संशोधन प्रस्ताव दर्ता गर्ने प्रक्रियासम्म पुगेर अड्किएका हुन्।

संघीय संसद सचिवालयका अधिकारीहरू सदनमा रहेको विधेयक अगाडि बढ्न नसक्नुमा सत्तापक्ष र प्रतिपक्षी दलका बीचमा विश्वासको वातावरण बन्न नसक्नु नै प्रमुख कारण हो।

**नागरिकको...**

सम्पन्न गरिएको थियो। ठेक्का फ्रान्सेली कम्पनी 'आईडीईएमआईए' को एजेन्ट एड्भान्टेज इन्टरनेसनल प्रालिलाई दिइएको थियो। उक्त कम्पनीले नागरिकका विवरणबाट वार्षिक १० करोड उठाउने गरी १० वर्षका लागि इजाजतपत्र दिइएको थियो। उक्त कार्यविधिमा नै १० वर्षपछि पनि सोही कम्पनीलाई ठेक्का दिने व्यवस्था राखिएको जनाइएको छ।

सरकारका प्रवक्ता समेत रहेकी मन्त्री शर्मा नागरिकको विवरणको गोपनियताबारे चासो भएकाले त्यसउपर विस्तृत छानबिन गर्न सरकारले छानबिन समिति नै बनाएको हो। छानबिन समितिको निष्कर्षका आधार थप कदम चालिने उनको भनाइ छ।

**न्यायको...**

मिटरब्याज पीडितले आन्दोलन तीव्र बनाएपछि सरकारले वार्ता समिति गठन गरेर समस्या समाधानको पहल गरेको थियो। मिटरब्याज पीडितसँग पाँच बुँदे सहमति पनि गरेको थियो। तर, समस्या समाधानमा सरकार गम्भीर नभएको भन्दै पीडितले वार्ता भंग गरेर पुन आन्दोलनको सुरु गरेका थिए। समाधानको उपाय नगरी सरकारले नै आन्दोलनलाई योजनाबद्ध रुपमा भड्काउने र उत्तेजित बनाउने काम गरेके मिटरव्याजीपीडितको आरोप छ। शान्तिपूर्ण आन्दोलनस्थलमा प्रहरीले ज्येष्ठ नागरिक, अशक्त तथा बिरामीमाथि कुटपिट गरेको उनीहरुको गुनासो थियो। झडपका क्रममा ४० भन्दा बढी पीडित घाइते भएको उनीहरुले जनाएका छन्।

सरकारले पीडितलाई न्याय दिनुको सट्टा दमन गरेको हुँदा आन्दोलन चर्काउनुको विकल्प नरहेको मिटरब्याज विरुद्ध किसान-मजदुर संघर्ष समितिका संयोजक अवधेश कुशबाह बताउँछन्। उनीहरुले गृहमन्त्री नारायणकाजी श्रेष्ठविरुद्ध चर्को नारावाजी पनि गरेका थिए।

अहिले मुलुकभरिबाट तीन हजार तीन सय उजुरी परेका छन् भने चार सय जिल्ला प्रशासनबाटै फछ्र्योट भएको तथ्यांकले देखाउँछ। प्रदेशगतरूपमा हेर्ने हो भने सबैभन्दा बढी मधेश प्रदेशमा नौ सय ८२ पीडितले उजुरी दिएका छन् भने बागमती प्रदेशबाट तीन सय ५६ उजुरीकर्ताहरू रहेका छन्।

उपत्यकादेखि देशभरि नै रहेको मिटरब्याजी समस्यालाई समाधान गर्न सरकारले नाम मात्रको समिति गठन गर्नुभन्दा पनि चुस्त तरिकाले लाग्नु जरुरी देखिन्छ। साथै गाउँ गाउँमा बैंकको विस्तार गरेर गरिबले सहजै ऋण लिन पाउने वातावरण बनाउने हो भने यो समस्या आफैँ न्यूनीकरण हुने धेरैको बुझाई छ। तर, पीडितलाई न्याय दिनुभन्दा पनि लाठी प्रहारमा सरकार लागेको भन्दै सदनदेखि सडकमा समेत आलोचना हुन थालेको छ।

**व्यवसायी...**

निगमको विमानबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ल्याइएको हो।

स्व. राईको शव पारिवारिक सदस्यले बुझेर मंगलबार उनको सोलुखुम्बु जिल्लाको नेचा सल्यान गाउँपालिका वडा नं ५ स्थित पुर्ख्यौली घर लगिएको संघका तृतीय उपाध्यक्ष तथा सामाजिक उत्तरदायित्व सेवा समितिका संयोजक रोशन कटुवालले मध्यान्हलाई जानकारी दिए।

उपाध्यक्ष कटुवालका अनुसार स्व. राईको शव नेपाल ल्याउन संघका अध्यक्ष राजेन्द्र भण्डारी, संघको अन्तर्राष्ट्रिय समन्वय समिति संयोजक तथा संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री, वरिष्ठ व्यवसायी राम श्रेष्ठ, मलेसियास्थित प्रवासी मञ्चका अध्यक्ष शेरबहादुर गुरुङलगायतले संयोजन तथा आर्थिक सहयोग गरेका थिए।

स्व. राईको शव काठमाडौंबाट सोलुखुम्बु लैजान वैदेशिक रोजगार बोर्डले शववाहनको प्रबन्ध गरेको थियो। स्व. राईको शव बुझ्न संघका अध्यक्ष भण्डारी, द्वितीय उपाध्यक्ष सञ्जु गुरूङ, तृतीय उपाध्यक्ष कटुवाल, महासचिव मेघनाथ भुर्तेल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका अध्यक्ष धनलाल जैसी, महासचिव कुन्छा दोर्जे दिमदोङसहित वैदेशिक रोजगार व्यवसायीहरु विमानस्थल पुगेका थिए भने विमानस्थलमा स्व. राईका परिवार तथा ठूलो संख्यामा आफन्तजन उपस्थित भएका थिए।

मलेसियाको ग्यान्टिङ आइल्याण्डमा रहेको स्टार डोमेन कम्पनीमा पठाएका कामदारको समस्या समाधानका लागि गएका व्यवसायी राई झुण्डिएर मृत्यु भएको अवस्थामा फेला परेका थिए। मार्भेलस म्यानपावरका सञ्चालक भरत पाण्डेले मलेसियामा दुई जना नेपालीबाट राईको हत्या भएको आशंका गरेको भएपनि मलेसियास्थित नेपाली दूतावासले नै व्यवसायी राईले आत्महत्या गरेको विवरण पठाएपछि बाध्यतावश त्यसलाई स्वीकार गर्नुपरेको बताए।

संघका तृतीय उपाध्यक्ष कटुवालले व्यवसायीहरूबाट सहयोग संकलन गरेर स्व. राईको परिवारलाई राहत प्रदान गरिने बताए। कटुवालले आकस्मिक निधन, दुर्घटना तथा असाध्य रोगको उपचारजस्ता काबुबाहिरको परिस्थितिमा म्यानपावर सञ्चालकहरूलाई सहयोगका लागि संघले एउटा कोष निर्माण गर्ने योजना बनाएको भन्दै कोषमा सक्दो सहयोग गर्न सबै व्यवसायीसँग अनुरोध गरे।

संघका द्वितीय उपाध्यक्ष गुरूङले पनि जब्स ग्लोबल डट कम इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक चन्द्रसिंह अदैलगायतका व्यवसायी गम्भीर बिरामी भई अस्पतालमा उपचाररत रहेको जानकारी आएको भन्दै समस्यामा रहेका व्यवसायीहरूलाई सहयोग पुऱ्याउन कम्पनीको सामाजिक उत्तरदायित्वको सिद्धान्तअनुसार सहयोग रकम संकलन अभियान शुरू गरिएको मध्यान्हलाई जानकारी दिए।

**विदेशी...**

सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिए।

सांसद कार्कीले विदेशी जेलमा रहेका कतिपय कामदार परिबन्दमा परेका निर्दोषसमेत रहेकाले उनीहरूको उद्धार र रिहाइ हुनु जरुरी रहेको बताए।

# छोरा पाउने आशामा सात छोरीको जन्म

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ५ वैशाख

छोरा जस्तै छोरीलाई पनि समान व्यवहार गर्नुपर्छ भन्ने सोचको विकास विस्तारै हुँदै आएपनि व्यवहारमा भने त्यो लागू भएको पाइँदैन । छोरीलाई छोरा जस्तै ठानेर उनीहरूले पनि धेरै काम गर्न सक्छन् भन्ने सोचमा भने व्यापक परिवर्तन आएको छ । शहर बजारमा त्यो चेतको विकास अलि माथिल्लो स्तरको भएको र ग्रामीण समाजमा भने चेतनाको स्तर तल्लो स्तरको हुने भएकोले छोरीभन्दा छोरालाई महत्व दिने गरेको पाइन्छ ।



यस्तै एक कथा छ सुर्खेत जिल्लाको चिङ्गाड गाउँपालिकामा, जहाँ एक जना महिलाले छोरा जन्माउने आशामा ७ छोरीको जन्म दिएकी छन् । जाजरकोटको शिवालय गाउँपालिकाबाट १९ वर्षमा विवाह गरेकी धनसरा चन्दले १२ वर्षको अवधिमा सात छोरी र एक छोराको जन्म दिएकी हुन् । उनले विवाह गरेको एक वर्षमा छोरी जन्मियो । उनी अहिले ३० वर्षको भएकी छन् । उनले अहिले ८ सन्तानलाई जन्म दिइसकेकी छन् ।

उनले यति सानै उमेरमा ज्यान जोखिममा राखेर यति धेरै सन्तान जन्माउनु रहर नभई छोरा पाउनुपर्छ भन्ने समाजको दबाब भएको स्वीकारिन् । उनले यसमा श्रीमान र परिवारको ठुलो दबाब भएको बताइन् । सन्तानमा छोरा जन्मिन्छ कि भनेर घर परिवार तथा माइतीहरूले आशा गरेका थिए । तर पहिलो सन्तान नै छोरी जन्मिएपछि उनीहरूले फेरि सन्तान जन्माउने निधो गरे । छोरी करिब ४५ दिनको भएको बेलामा एक्कासी मृत्यु भयो ।

उनको पहिलो सन्तानको मृत्यु भएपछि फेरि एक वर्षपछि पनि छोरी जन्मियो । आफूले छोरी मात्रै लगातार जन्माउँदा सामाजिक अपहेलनामा परेको उनले मध्यान्हसँग बताइन् । 'मेरो स्वास्थ्य अवस्था पनि निकै कमजोर भइसकेको थियो,' उनले भनिन्, 'तीन वटा छोरी जन्मिसकेपछि स्थानीय स्वास्थ्यकर्मीहरूले अब तपाइँ स्थायी बन्ध्याकरण गर्नुहोस् भनेका थिए तर श्रीमानले मान्नुभएन ।'

'पछि मलाई पनि सबैले अपहेलना गर्न थालेपछि जे भए होस् भनेर बच्चा जन्माउँदा सात छोरी भए, उनले अगाडि भनिन्, 'यो मेरो बाध्यता जस्तै बन्यो, पहिला छोरा जन्मेको भए यति धेरै सन्तान जन्माउन मलाई पनि रहर हुन्थेन । चार छोरी जन्मिँदा मलाई परिवार र छरछिमेकमा विभिन्न आलोचना गर्ने गरिएको थियो । जब छोरा जन्मियो त्यसपछि सबैको बोल्ने मुख बन्द भयो ।'

उनले आठमध्ये अन्तिम छोरालाई मात्रै स्वास्थ्य केन्द्रमा जन्माएको बताइन् । अरू सबै घरमै जन्मिए भने कोहीको गर्भमै मृत्यु भयो । अन्यमा पनि शारीरिक समस्या देखियो । छोराको चाहानामा आठ सन्तान जन्माएकी उनलाई आर्थिक अभावका बीच पनि एक छोरा जन्मिएपछि सन्तुष्टिको अनुभूति भएको छ ।

आठौं सन्तानका रूपमा छोरा जन्मिएपछि उनको परिवारमा भने अहिले खुसी छाएको छ । दोस्रो सन्तान भएपछि एक दुई महिना नहुँदै उनका छोराछोरीहरू गर्भमै मृत्युदेखि विभिन्न समस्या देखियो । त्यस्तै गर्दा उनका आठ सन्तान पुगे । अहिले उनका एक छोरा र तीन छोरी रहेका छन् । छोराको गत चैत ७ गते जन्म भएको हो ।

उनले जुन काममा पनि छोराको मात्रै मान्यता दिने समाजमा महिलाले धेरै ठाउँमा मर्नुपरेको गुनासो पोखिन् । जब छोरीलाई पनि छोराले जस्तै हलो जोत्ने, आमाबुवाको मृत्युमा दागबत्ती दिनेदेखि घरबाहिरको कामको सबै जिम्मा दिइँदैन, तबसम्म छोराप्रतिको माया कम नहुने उनको भनाइ छ । पछिल्लो समय शिक्षित पुस्ता छोरा र छोरी बीचमा भेदभाव नभए पनि दुर्गम क्षेत्रमा अझै उस्तै समस्या रहेको छ ।

छोराको आशाले महिलामाथि बर्सेनी बच्चा पाउने समस्या, अन्य घरेलु हिंसा तथा यौनजन्य हिंसाका विभिन्न घटनाहरू हुने गरेका छन् । दुर्गम ठाउँका महिलाहरूको स्वास्थ्य अवस्था जटिल हुनुमा छोरा जन्माउनकै लागि बर्सेनी गर्भवती हुनुपर्ने अवस्था पनि प्रमुख कारण भएको जानकारहरू बताउँछन् ।

# हुम्लामा ३१ प्रतिशत बालविवाह

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ५ वैशाख

हुम्लामा ३१ प्रतिशत भन्दा बढीले बालविवाह गरेको पाइएको छ । २०७८ सालको जनगणनाअनुसार जिल्लामा बालविवाह गर्नेको संख्या ३१ प्रतिशत भन्दा बढी छ ।

जनगणनाअनुसार जिल्लाको कूल जनसंख्या ५५ हजार ३ सय ९४ रहेको छ । जसमध्ये २० बीस वर्ष नपुग्दै विवाह गर्नेको संख्या १६ हजार ३ सय ४७ रहेको छ ।

त्यसमा १० देखि १४ वर्षका उमेर समूहका २ सय ४२ बालक र १ हजार २ सय जना बालिका छन् ।



यस्तै, १५ देखि १७ वर्ष उमेर समूहमा १ हजार २ सय २ जना बालक र ३ जहार ३ सय ५४ बालिका रहेका छन् भने १८ देखि २० वर्ष उमेर समूहमा ५ हजार ४७ बालक र ६ हजार ३ सय एक जना बालिका रहेका २०७८ को जनगणनामा उल्लेख छ । तथ्यांकअनुसार २० वर्ष उमेर समूहका बालक ६ हजार ४ सय ९१ र १० हजार ३ सय ६४ बालिका रहेका छन् । २०७८ को जनगणनाअनुसार जिल्लामा १० वर्ष भन्दा कम उमेरका ३ जना बालिकाले विवाह गरेका छन् । जसमा एक जना सिमकोट गाउँपालिका र दुई जना नाम्खा गाउँपालिकाका बालिका रहेका छन् ।

जनचेतनाको कमी, शिक्षा तथा आर्थिक अभाव, गरिबी, प्रविधिलगायतका कारणले गर्दा बालविवाह हुने गरेको नाम्खा गाउँपालिकाका उपाध्यक्ष तक्दिर लामाले बताए । हुम्लाका सात वटै गाउँपालिकाले बालविवाह गर्नेलाई गाउँपालिकाबाट प्रदान गर्ने सेवा सुविधा कटौती गर्ने निर्णय गरिसकेका छन् । यसले गर्दा बालविवाह गर्नेको संख्यामा कमी आउने विश्वास लिएको सिमकोट गाउँपालिकाकी उपाध्यक्ष सुशीला रोकायाले बताइन् ।

Karnali Province Government
Ministry of Physical Infrastructure, Energy and Water Resource
Infrastructure Development Directorate
**Infrastructure Development Office (IDO)**
Salyan, Nepal

## Notice of Intention of Award Contract

**Date of Publication : 6th of Baisakh, 2080**

This notice has been published to inform all concerned including the bidders about the intention to award contract regarding the contracts under the tender notice published in the bolpatra.gov.np/egp in accordance with Public Procurement Act, 2063 clause 27(2) and clause 47.

| S. N. | Contract No | Description of Works | Name and Address of the successful bidder | Accepted Bid amount including VAT and PS(NRs.) |
|---|---|---|---|---|
| 1. | IDO/SLN/ NCB/W/ 23/79/80 | Kalimati Rampur Rambazar luham Retaining wall. | Shree Niraj and Dipsana Nirman Sewa.Salyan | 13783440.23 |

# मृतकका नाममा सामाजिक सुरक्षा भत्ता

**काठमाडौं/मस-** रामेछापको दोरम्बा शैलुङ गाउँपालिकाले आफ्नो पालिकाका मरिसकेका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता दिएको खुलेको छ ।

महालेखापरीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको लेखा परीक्षणको प्रतिवेदनमा उक्त गाउँपालिकाका कतिपय वडाले मरेका ज्येष्ठ नागरिकलाई पनि सामाजिक सुरक्षा भत्ता दिँदै आएको पाइएको हो । कानूनतः सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा वा त्यस्तो व्यक्ति सामाजिक सुरक्षा भत्ता पाउन योग्य नभएमा निजको नाम सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको अभिलेखबाट हटाउनुपर्ने उल्लेख गरिएको छ । महालेखा परीक्षकले लेखापरीक्षणका क्रममा वडा नम्बर ३ र वडा नम्बर ७ को मृत्यु दर्ताको अभिलेख र वडा नम्बर २ को लगत कट्टाको अभिलेख परीक्षण गर्दा मृत्यु भइसकेका लाभग्राहीको नाममा मृत्युपछि पनि निजको परिवारका सदस्यले सामाजिक सुरक्षा भत्ता नियमितरूपमा बुझ्दै आएको पाइएपछि उक्त घटना बाहिरिएको हो ।

**श्री सिद्धदेबी सामुदायीक वन उपभोक्ता त्रियुगा नगरपालिका १६ उदयपुरको**

**समुह बाहिर काठ विक्रि सम्बन्धि सूचना**

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७९/०८० को विधिवत रुपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर २ को साल थान १८ को १७५.५२ क्युफिट लट नम्बर ३ को साल थान ४५ को ५२५.२० क्युफिट काठ बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।

**भुलसुधार**

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाको मिति २०८० बैशाख २ गते प्रकाशित समुह बाहिर काठ विक्रि संबन्धित सूचनाको श्री रसुवाखोला सामुदायीक वन उपभोक्ता समुह रौतामाई गाउँपालिका ३ उदयपुर र श्री सगरमाथा सामुदायीक वन उपभोक्ता समुह रौतामाई गाउँपालिका ३ उदयपुरको सूचनामा काठ कटान मुछान संकलन तथा घाटगद्दि गरेको आर्थिक बर्ष २०७९/०८० हुनु पर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**स्कुटर हराएको सूचना**

मिति २०७९/११/१९ गते निम्न विवरणको 109 CC क्षमता Dio सेतो–निलो रंगको स्कुटर, बानियाटार आफ्नै कोठाको पार्किङमा राखिएको अवस्थामा हराएको हुँदा देख्नुहुने महानुभावले निम्न मोबाइल नम्बर वा नजिकको प्रहरी कार्यलयमा खबर गरिदिन अनुरोध गर्दछु ।

सवारी धनी : मिना राई
ईन्जिन नं : JF 39E 81092102
च्यासिस नम्बर : ME4JF 399KG8018232
स्कुटर नं. : बा. ८० प ४६३४
सर्म्पक नम्बर : ९८६००७५१५८
ठेनागा : बानियाटार

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१२/०४ मा दर्ता भएको **प्रा.लि.नं. १३३५७४** को **अप्परडाकी हाइड्रोपावर कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०१/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**Federal Project Implementation Unit (FPIU), Surkhet**

## INVITATION FOR BIDS (IFB)

**Notice No: 19-079/080**
**First date of publication: - April 19, 2023 or 2080/1/06.**

1. DUDBC-FPIU, Surkhet invites following electronic bid from eligible Nepalese Bidders under Sealed Quotation.
2. The details of the projects are as follows;

| S.N. | Contract No. | Description of Work | Estimated Amt. (Without Vat) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid /Bid Bond Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | FPIU/Surkhet/ Work/SQ/1/079/80 | Rukum Paschim Jilla Bafikot Ga.Pa Ward No.5 Budhumasta Mandir ,Dudhilla Chaur Parisar Sudhar | 17,18,266.09 | 50,000 | 1,000 | 90days /120 days from last date of bid Submission |

3. Bid submission: 4 May 2023 till 12:00 Hrs, Bid opening date: 4 May 2023 at 13:00 Hrs. For all the details please refer to complete set of bidding document at DUDBC-FPIU, Surkhet. Tel no +977-083-520382 or fpiu.surkhet@gmail.com
4. Eligible Bidders may obtain further information from PPMO's website: **www.bolpatra.gov.np/egp**

**Project Chief**

**सुरुङ्गा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मधुपट्टी, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव स्वीकृति गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/०१/०६**

यस नगरपालिकाबाट २०७९/१०/२५ गते प्रकाशित सूचना अनुसार प्रमुख प्रशासकिय भवन निर्माणका कार्यका लागी प्राविधिक प्रस्तावमा सफल भई आर्थिक प्रस्तावमा दर्ता भएका बोलपत्रहरु मूल्यांकन गर्दा तपशिल बमोजिमको सारभूत रुपमा प्रभावकारी रहेको बोलपत्र न्यून मूल्यांकित समेत रहेकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

| सिं.न | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.कर सहित |
|---|---|---|---|
| १ | SRNG-SAPT-WORKS-NCB-01-079-80 | मचिन्द्र/राज बिल्डर्स/भवानी कन्सट्रकसन जेभी, लाहान २१ सिरहा | ९७१८४०५८।७५ |

**मध्यविन्दु नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पुर्व)**
**गण्डकी प्रदेश,नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८०/०१/०६**

उपरोक्त विषयमा यस नगरपालिकाको मिति २०७९/११/०१ मा प्रकाशित बोलपत्रहरुका लागि परेका प्रस्तावहरु मध्ये तपशिल बमोजिमका बोलपत्र दाताहरुको प्राविधिक प्रस्ताव, प्राविधिक मूल्याकनमा उत्तिर्ण भएकोले निजहरुले पेश गरेको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज (५) बमोजिम मिति २०८०/०१/१३ गते दिनको २:०० बजे यस कार्यालयमा खोलिने भएकोले उक्त कार्यमा उपस्थित हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| S.N. | Invitation No | Bidders Name | Address |
|---|---|---|---|
| 1. | 17/MBMW/Works/2079/80 | Bhuwani National Builders Pvt.Ltd. | Bharatpur, Chitwan |
| 2. | 18/MBMW/Works/2079/80 | Bhuwani National Builders Pvt.Ltd. | Bharatpur, Chitwan |

**प्रमुख प्रशासकीय अधिकृत**



## सम्पादकीय

# सभामुखको अनावश्यक चासो

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एक व्यवसायीसँग दुई करोड पैसा मागेको आरोपमा आफ्नो पार्टीका सांसद ढाकाकुमार श्रेष्ठलाई कारबाही गरेको छ । पार्टीको साधारण सदस्यसमेत नरहने गरी ढाका कुमार लाई कारबाही गरेर रास्वपाले त्यसको जानकारी संघीय संसद सचिवालयलाई गराएको छ । गत शुक्रबार (वैशाख १ गते) नै प्राप्त सूचनाउपर सभामुख देवराज घिमिरेले कुनैं निर्णय दिएका छैनन् । बरू सभामुख घिमिरेले ढाका कुमारलाई पार्टीले गरेको कारबाहीको प्रक्रियाको विवरण मगाएका छन् ।

कुनै पनि पार्टीले आफ्नो पार्टीका सांसदलाई कारबाही गरेको पत्र पठाएको १५ दिनभित्र सभामुखले निर्णय लिनुपर्ने संवैधानिक व्यवस्था छ । रास्वपाले कारबाही गरे पनि सभामुखले संसदमा पढेर नसुनाएसम्म पद रिक्त हुँदैन । प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा पनि यो प्रश्न उठेको थियो । तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले नेकपा एमालेले कारबाही गरेका १४ जना सांसदबारे तत्कालै सूचना जारी गरेका थिएनन् । कारबाहीमा परेका सांसदहरूले नयाँ पार्टी नै दर्ता गरिसके पछि कुनै निर्णय लिनु नपर्ने निर्णय गरेर सभामुखले न्यायीक ब्याख्या हुने बाटो नै बन्द गरिदिएका थिए ।

यसपटक फेरि त्यही नजिर बसाल्ने प्रयास सभामुख घिमिरेबाट भएको आशंका छ । सभामुखले ढाका कुमारलाई कारबाही गर्दा रास्वपाले राजनीतिक दलसम्बन्धी ऐनले तोकिएको विधि प्रक्रिया पुगेको छ छैन भन्ने कुरामा अध्ययन गर्न संसद सचिवालयका अधिकारीहरूलाई भनेका छन् । अधिकारीहरूका अनुसार संसद सचिवालयले राजनीतिक दलसम्बन्धी ऐन अनुसार कारबाही गर्दा सम्बन्धित व्यक्तिलाई सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्ने, कारबाही गर्दा त्यसको कारण र आधार स्पष्ट रूपमा खुलाउनुपर्ने हुन्छ । यो प्रक्रियाको ख्याल गरिएको छ वा छैन भन्ने हेरेर निर्णय लिने सभामुख घिमिरेको तयारी छ ।

संसद सचिवालयका अधिकारीहरूका अनुसार अध्ययन सकेपछि अध्ययनको निष्कर्ष बमोजिम निर्णय लिने सभामुखको जवाफ छ । तर, संसदीय अभ्यासमा कारबाहीको प्रक्रिया मिल्यो या मिलेन भनेर अध्ययन गर्ने अधिकार व्यवस्थापिकालाई छैन् । कुनै पनि पार्टीले गरेको कारबाही थप अध्ययन गर्ने त्यस्तो कुनै अधिकार संसद सचिवालय वा व्यवस्थापिकालाई हुँदैन । सचिवालय कानूनले स्थापित गरेको प्रक्रियाअनुसार चल्ने हो । प्रक्रिया मिले/नमिलेको हेर्ने निकाय न्यायलय हो ।

व्यवस्थापिका विधि निर्माण गर्ने थलो मात्रै नभएर विधि स्थापित गर्ने थलो पनि हो । सभामुखको व्यवहार लाई कानुनको मान्यता दिने अभ्यास र कानुनी व्यवस्था छ । तर, यसलाई ख्याल नगरी कुनै पनि पार्टीको निर्णयउपर न्यायीक निरूपण/ब्याख्या हुने बाटो बन्द गर्ने कार्य सभामुखबाट हुनु हुँदैन ।

# अर्थतन्त्रलाई चलायमान बनाउने उपाय

**अग्रलेख**



● नेत्र सुवेदी 'प्रयास'

नयाँ वर्षसँगै पुरानो वर्षका कतिपय चुनौतीहरु पनि थपिएर आएका छन् । शिथिल भएको अर्थतन्त्र बौरिएको छैन । पूँजीगत खर्चको अवस्था कमजोर हुँदा बजारको शिथिलतामा त्राण नआएको तर्कसमेत प्रस्तुत भइरहेका छन् । बैंकबाट प्रवाह हुने कर्जाको ब्याजदर व्यवसायीमैत्री नरहेको टिप्पणी जारी नै छ । नेपाली युवा रोजगारीका लागि विदेशी भूमिमा निर्भर रहने क्रम संघीयतापछि पनि घट्न सकेको छैन, उल्टो बढेको छ । हरेक वर्षजस्तो आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट तयारीका कामहरु सुरु भएको छ । तीन तहका सरकार छन् तर, यी सरकारहरुले ठोसरूपमा कुन नीतिगत खाका प्रयोग गरेर उत्पादनमूलक अर्थतन्त्रको आधार तयार गर्ने भन्ने कार्य भने हालसम्म हुन सकेको छैन ।

संविधानले परिकल्पना गरेको आर्थिक समृद्धि/समाजवादोन्मुख अर्थतन्त्र होस् वा पन्ध्रौं योजनाले लिएको 'सुखी नेपाली समृद्ध नेपाल'को नारा नै किन नहोस् वास्तविक धरातलमा उत्रने गरी यी विषयको व्याख्या र व्यवस्था दुवै हुन सकेन । नीति कार्यक्रम र बजेट हरेक वर्ष पेस भएकै छन् तर, खर्चको अवस्था अति कमजोर छ । चालु वर्षमा राजस्व संकलनको अवस्थासमेत कमजोर हुन गई अनिवार्य दायित्वको भुक्तानीका लागि समेत वैकल्पिक स्रोत खोज्नुपर्ने दबाबमा सरकार पुगेको छ । यस्तो अवस्थामा स्वदेशमा रहेका सम्भावनाहरुको उजागर गर्नेतर्फ नीति, कार्यक्रम र बजेट निर्देशित हुनुपर्ने देखिन्छ ।

### संघीय संरचनामा उपलब्ध अवसर

नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाअनुसार मुलुकमा तीन तहका सरकारहरु क्रियाशील रहिआएका छन् । देशैभरबाट संकलन भएको आम्दानीलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको सूत्रअनुसार सात वटै प्रदेश र सात सय ५३ वटा पालिकामा आर्थिक वर्षको सुरुदेखि अन्त्यसम्म किस्ताबन्दी रूपमा बाँडफाँट गरिन्छ । सबै शासकीय एकाइहरुले आ-आफ्नो नीति, कार्यक्रम र बजेट तर्जुमा र कार्यान्वयन गर्दछन् । राष्ट्रिय स्तरमै समग्रमा मार्गदर्शन गर्ने नीति र कार्यक्रम नेपाल सरकारले तर्जुमा गरेर लागू गर्दछ । स्थान विशेषका सवाल तथा प्राप्त अधिकारअनुसार आफ्नै नीति तथा कानुनबाट समाधान गर्न प्रदेश र स्थानीय तह स्वतन्त्र छन् । यस क्रममा उत्पादन, प्रतिस्पर्धा र लगानीको उपयुक्त वातावरण तयार गर्नका लागि समेत केन्द्रबाट संविधानको मर्म अनुकूल हुने गरी नीति लिनु उपयुक्त हुन्छ ।

समाजवादोन्मुख र आत्मनिर्भर अर्थतन्त्र हुनका लागि कुन कुन पात्रहरुले के-कस्तो अगुवाइ लिने भन्ने पनि प्रस्ट पारिनु पर्दछ । उत्पादन, वितरण वा व्यापार, उपभोग, सेवाको विस्तार र मौलिक उत्पादनको संरक्षणसहितको प्रवर्द्धनमा भने सबै एकाइहरुले प्राथमिकतापूर्वक नीति, कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयनमा उतार्न सक्दछन् । सम्भावनाको राष्ट्रियकरण र समस्याको स्थानीयकरण गर्नमा संघीय शासकीय व्यवस्था खरो उत्रनु पर्दछ । विकृतिको चाङ लगाउने नभई नवीनतम र उदाहरणीय आर्थिक रूपान्तरणका कार्यक्रमहरु अघि सारेर अन्य तहसँग परिपूरकको भूमिकामा देखिनु आवश्यक छ । कतिपय स्थान र सवालमा सहकार्यको ढाँचा प्रयोग गर्न सकिन्छ । जस्तो कि जलविद्युत् योजना, बस्ती विकास कार्यक्रम, उत्पादन संकलन तथा बिक्री वितरण केन्द्र एकभन्दा बढी प्रदेश वा स्थानीय तहहरु मिलेर कार्यान्वयन गर्न सक्दछन् ।

### स्थानीय मोडल प्रयोगको सन्दर्भ

नेपालमा लघुउद्यम विकास कार्यक्रमको मोडल सफल मोडलका रूपमा लिइन्छ । यसमा उद्यम विकास, बजारीकरण, जीवनस्तर विकासमार्फत गरिबी निवारणका विषयहरु यसमा समेटिएका छन् । विगतमा सफलताको सिँढीमा अगाडि बढेको मोडल भएकै कारण संघीयता कार्यान्वयनमा आएपश्चात् पनि प्रत्येक स्थानीय तहमा उद्यम विकास कार्यक्रम समेट्ने संरचना र जनशक्ति आबद्ध गरिएको छ । यो कार्यक्रमले निजी क्षेत्रलाई समेत विश्वासमा लिएर सहभागितामूलक मोडलमा उत्पादन, आय र रोजगारी वृद्धिलाई अगाडि बढाउने अवधारणा प्रयोगमा ल्याएको छ ।

केही वर्षयता आएर नेपालमा स्थानीय आर्थिक विकासको मोडलका सम्बन्धमा केही सरकारी दस्तावेजहरु तयार भएका छन् । उत्पादनसँग सामूहिक शक्ति (विद्यार्थी, महिला समूह, सहकारी, क्लब वा अन्य सामाजिक अभियानमा संलग्न) लाई जोड्न सकेमा अर्थतन्त्र




*अर्थतन्त्रलाई बलियो र दिगो बनाउने हो भने देशभित्रको मागअनुसारका सीपयुक्त जनशक्ति निर्माणमा, सर्वप्रथम आन्तरिक बजार र क्रमशः नजिकको बाह्य बजारको मागअनुसार वस्तु र सेवा उत्पादन एवम् वितरणको व्यवस्था गर्नुपर्दछ । व्यावसायिक क्षेत्रमा खासगरी उत्पादन, रोजगारी र आय बढ्ने काममा सबै तहका सरकारहरूले प्राथमिकतापूर्वक नीतिगत र कार्यक्रमगत व्यवस्था गर्न जरुरी छ । आर्थिक विकासको एजेन्डा सिङ्गो देशकै प्रमुख सवाल बन्नुपर्दछ ।*

चलायमान हुन सक्छ/बेरोजगारी हट्न सक्छ । स्थानीय सम्भावना र आवश्यकताअनुसार उत्पादनको आइटम फरक हुनसक्छ तर, अर्थतन्त्रलाई आत्मनिर्भर र टिकाउ बनाउने भनेकै स्थानअनुसारका प्रोडक्टको उचित बजारीकरण मात्र हो । स्थानीय आर्थिक विकास एक यस्तो अवधारणा हो जसले स्थानीय सम्भावनाको सहभागितामूलक ढंगले सदुपयोग गर्दै आय र रोजगारी बढाउने कामहरु हुने गर्दछ ।

समग्र परिवेशको बहुपक्षीय ढंगले मसिनो विश्लेषण गर्दै मेहनतसाथ काम गर्दै जाने र परिपूरक भूमिकामा रहेका पात्र संलग्न भएर मात्र दिगो स्थानीय आर्थिक विकास सम्भव छ । आवधिक योजनाको दस्तावेजमा सहकारी, निजी, सरकार र सामुदायिक क्षेत्रलाई मुख्य चार पात्रका रूपमा लिइएको छ । यीमध्ये निजी क्षेत्रलाई प्रमुख पात्रका रूपमा स्वीकार गर्नुपर्दछ किनभने निजी क्षेत्रले मात्र नवीन सोचका साथ उद्यमी कामहरु गर्न सक्दछन् र आवश्यक पर्दा जोखिम पनि लिन सक्दछन् । यसो भन्दैमा उदाहरणीयरूपमा भूमिका खेलिरहेका अन्य संगठित संस्थाहरु वा अभियन्ता समूहलाई पनि समेट्न सकिँदैन भन्ने हुँदैन । तुलनात्मकरूपमा राम्रो भूमिका रहने हदसम्म उनीहरुको सहभागिता रहनसक्छ ।

व्यापारको संरचना केलाउँदा नेपालले विदेशबाट किनेर उपभोग गरिरहेका कतिपय वस्तुहरु खासगरी खाद्यान्न र निर्माण सामग्रीहरु नेपालमै उत्पादन, प्रशोधन र वितरण गर्न सकिने देखिन्छ । नेपाली भूमिमा अन्न उत्पादन बढाउन सम्भव छ, तरकारी र फलफुल पनि हामीलाई पुग्ने गरी उत्पादन हुनसक्छ । सिमेन्ट उत्पादनमा क्रान्ति आएजस्तै अन्य बढी उपभोग हुने निर्माण सामग्री र मालसामान नेपालमा उत्पादन गर्ने परिस्थिति सिर्जना गर्न सकिन्छ । पहिलेदेखि उत्पादन गर्दै आएका कतिपय अन्न, दलहन र फलफूल उत्पादनका लागि प्राविधिक जनशक्ति नेपालमै उपलब्ध छन् । केही आधुनिक औजार र तौरतरिका आवश्यक पर्ला । योबाहेक उत्पादित वस्तुको उपयुक्त बजारीकरण तथा वितरण महत्वपूर्ण छ । स्थानीय बजार व्यवस्थापनमा समयानुकूल नयाँ सीप चाहिन्छ ।

संयुक्त राष्ट्रसंघको उपमहासचिवको जिम्मेवारी सम्हालेका नेपाली कूटनीति कुलचन्द्र गौतमद्वारा लिखित पुस्तक 'लस्ट इन ट्रान्जिसन' मा लेखकले नेपालमा भइरहेका छ खराब प्रवृत्तिको सूचीमा अति राजनीतिकरण, हिंसा र दण्डहिनताको संस्कृति, आर्थिक सवालहरुको सम्बन्धमा चरम बेवास्ता, जिम्मेवारी पन्छाउने प्रवृत्ति, संयोजनमा भन्दा विभाजनमा रमाउने सामाजिक संस्कृति र गर्नेभन्दा गरेजस्तो देखाउने प्रवृत्ति समाविष्ट छन् । यी सबै विषयले आर्थिकरूपमा सबल बन्ने मार्गमा अवरोधको काम गरेको प्रतीत हुन्छ ।

आर्थिक विकासलाई सारभूतरूपमा प्राथमिकता, मेहनत गर्ने बानी, स्वदेशी प्रयोग गर्ने संस्कृति र आर्थिक चक्रको संस्थागत विकास नै समृद्धिको आधार हो । यी जिम्मेवारीहरु स्थानीय तहले पूरा गर्न स्रोतको अभाव नहोस् भन्नका लागि साझेदारी वा संयुक्त व्यवस्थापनमा स्थानीय तहले कार्य गर्न सक्ने अवस्था रहेको छ । स्थानीय सरकारहरु आर्थिक समृद्धिका लागि आपसी समन्वयसमेत गरी बजार शक्तिको भरपूर प्रयोगमार्फत आर्थिक उन्नतिको सशक्त आधारभूमि बन्न सक्दछन् । यसको लागि खाँचो छ स्थानीय आर्थिक विकासको रणनीति, कानुनी खाका र निरन्तर संवाद गरी उत्पादनशील कार्य गर्ने स्थानीय साझा मञ्चको । स्थानीय तहको भूमिकालाई नजिकबाट नियाल्दा प्रमुखरूपमा नियमनकारी भूमिका, लगानीकर्ताका रूपमा भूमिका, अन्य पात्रसमेतलाई लगानीमैत्री वातावरण सिर्जनामा भूमिका जसमा लगानी सम्मेलनहरु आयोजनासमेत पर्न सक्दछ । यसबाहेक सार्वजनिक निजी साझेदारी मोडलको प्रयोग के कसरी गर्ने भन्ने सम्बन्धमा कानुनी र अन्य तयारीसमेत पर्दछन् । मूलरूपमा त उत्पादन र बजार प्रवर्द्धनले विशेष महत्व रहन्छ ।

